# चुरे गाउँपालिका
(Chure Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)

प.सं: २०८३/०८४
च.नं.

घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**तेस्रो कार्यपालिका बैठक**

आज मिति २०८३/०५/२५ गते बिहिबारका दिन यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री चक्र बहादुर बोगटी रजवारको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री चक्र बहादुर बोगटी रजवार | अध्यक्ष | |
| श्री धना देवी थापा | उपाध्यक्ष | |
| श्री डम्मर बहादुर सिंह | १ नं. वडा अध्यक्ष | |
| श्री केशव बहादुर सावद | २ नं. वडा अध्यक्ष | |
| श्री खगेन्द्र खडायत | ३ नं. वडा अध्यक्ष | |
| श्री चन्द्र बहादुर लामिछाने मगर | ४ नं. वडा अध्यक्ष | |
| श्री बीर बहादुर धामी | ५ नं. वडा अध्यक्ष | |
| श्री प्रेम बहादुर साउँद | ६ नं. वडा अध्यक्ष | |
| श्री तुलसी कुमारी महता | कार्यपालिका- सदस्य | |
| श्री पुष्पादेवी बरै मगर | कार्यपालिका सदस्य | |
| श्री मनिसा बि.क. गौतम | कार्यपालिका सदस्य | |
| श्री सरोजनी धामी बोहरा | कार्यपालिका सदस्य | |
| श्री एकम बहादुर कामी | कार्यपालिका सदस्य | |
| श्री कलावती कामी | कार्यपालिका सदस्य | |
| श्री धर्मराज खत्री | सचिव | |
| आमन्त्रित कालीप्रसाद न्यौ | प्रशासकीय अधिकृत | |
| | | |

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३।०५।२५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:-

१. खानेपानी गुणस्तर मापदण्ड कार्यविधि २०८३ स्वीकृत गर्ने सम्बन्धमा।
२. गाउँपालिका केयर प्रोफाईल सम्बन्धमा,
३. खानेपानी तथा स्वच्छता योजना ( २०२६-२०३६) सम्बन्धमा
४. विपद संवेदनसील सामाजिक सुरक्षा योजना ( २०८३-२०८७) सम्बन्धमा
५. भोटेकोशी बाढीपिडितको लागि प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
६. "घ" बर्गको निर्माण व्यवसायी इजाजतपत्रको नामसारी सम्बन्धमा ।
७. "घ) बर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने सम्बन्धमा ।
८. विद्यालय पुरुस्कृत गर्ने सम्बन्धमा ।
९. जग्गा नापनक्शाको लागि अनुमती लिने सम्बन्धमा
१०.गर्भादरवारको जग्गा पुरातत्व विभागको नाममा नामसारी गर्ने
११.जग्गाको स्रेस्ता नेपाल सरकारको नाममा कायम गर्न सिफारिस गर्ने ।
१२. चुरे गाउँपलिकाको भुमिको बर्गिकरण/भु-उपयोग योजना स्वीकृत गर्ने सम्बन्धमा ।
१३.विपद राहत सम्बन्धमा ।
१४.ढूङ्गा गिट्टिको ठेक्का आह्वान गर्ने सम्बन्धमा ।

प्रमुख प्रशासकिय अधिकृत

## निर्णयहरु

| क्र.स. | सम्बन्धित शाखा | निर्णय |
|---|---|---|
| १ | खानेपानी तथा सरसफाई | नेपालको संविधानको अनुसूची- ८ ले स्थानीय तहलाई प्रदान गरेको खानेपानी तथा सरसफाई सम्बन्धी एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेको काम कर्तव्य र अधिकार अनुरुप चुरे गाउँपालिका भित्र वितरण हुने खानेपानी स्वच्छ, सुरक्षित र गुणस्तरीय बनाउन, खानेपानीको गुणस्तर नियमित रुपमा परिक्षण तथा अनुगमन गर्न, पानीजन्य रोगको जोखिम न्यूनीकरण गर्नको लागि **चुरे गाउँपालिकाको खानेपानी गुणस्तर निर्धारण कार्यविधि, २०८३** स्वीकृत गर्ने निर्णय गरियो । |
| १२ | महिला बालबालिका | युरोपियन युनियन र संयुक्त राष्ट्रसंघको सहकार्यमा सामाजिक सुरक्षा नागरिक सञ्जाल र निडस नेपालको प्राविधिक सहयोगमा यस चुरे गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति , दलित र विपन्न असहाय बर्गका व्यक्तिको संरक्षण तथा सम्बर्द्धन गर्न तथा उनीहरुको शिक्षा, स्वास्थ्य,पोषण लगायत समग्र अवस्थाको अध्ययन गरी तयार पारिएको **चुरे गाउँपालिकाको केयर प्रोफाईल, २०८३** स्वीकृत गर्ने निर्णय गरियो । |
| ३ | खानेपानी तथा सरसफाई | चुरे गाउँपालिका क्षेत्रभित्रका नागरिकहरूलाई स्वच्छ, सुरक्षित तथा दीर्घकालीन रूपमा खानेपानी, सरसफाइ र स्वच्छता सेवामा पहुँच पुर्‍याउने उद्देश्यले तयार पारिएको **"चुरे गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता दीर्घकालीन गुरुयोजना (WASH Plan 2026–2036)"** स्वीकृत गरी वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो । |
| ४ | विपद व्यवस्थापन | चुरे गाउँपालिकाको भौगोलिक विकटता तथा यहाँको सुरक्षा संवेदनशिलतालाई मध्यनजर गर्दै जोखिममा रहेका वस्ती तथा जोखिममा रहेका संवेदनशिल नागरिकको सुरक्षा तथा निजहरुको संरक्षण तथा संबर्द्धन गर्नको लागि चुरे गाउँपालिकाको विपद संवेसनशिल सामाजिक सुरक्षा योजना २०८३।०८४-२०८७।०८८ स्वीकृत गर्ने निर्णय गरियो । |
| ५ | विपद व्यवस्थापन | मिति २०८३ भाद्र १० गते चिनको तिब्बत क्षेत्रमा प्राकृतिक हिमताल फुटी प्रलयकारी/विनासकारी बाढी आएर रसुवा, नुवाकोट र धादिङ जिल्लामा हजारौ स्थानीयवासी तथा विभिन्न क्षेत्रमा कार्यरत कर्मचारी तथा मजदुहरुको ज्यान जानुका साथै धनजनको निकै ठूलो क्षति पुगेकोमा उक्त क्षेत्रका बासिन्दालाई राहत प्रदान गर्न तथा पुनर्निर्माणको कार्य गर्नका लागि तपसिल बमोजिमका जनप्रतिनिधि , कर्मचारी तथासामुदायिक विद्यालयका शिक्षकहरुको मासिक तलवबाट देहाय बमोजिमको रकम कट्टी गरी प्रधानमन्त्री राहत कोष (Prime minister Relief Fund ) मा जम्मा गर्ने निर्णय गरियो । <br>तपसिल:- |

| क्र.स. | रकम व्यवस्थापन गर्ने क्षेत्र | जम्मा काटिने रकम रु. | हुन आउने |
|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td></td><td>जम्मा रकम</td></tr>
<tr><td>१</td><td>गाउँपालिका अध्यक्ष</td><td>१५०००।००</td><td></td></tr>
<tr><td>२</td><td>गाउँपालिका उपाध्यक्ष</td><td>१००००।००</td><td></td></tr>
<tr><td>३</td><td>वडा अध्यक्ष</td><td>५०००।००</td><td></td></tr>
<tr><td>४</td><td>कर्मचारी / शिक्षक ( अधिकृतस्तरको तलव भत्ता प्राप्त गर्नेहरुबाट</td><td>७ दिनको तलव बराबर हुन आउने रकम</td><td></td></tr>
<tr><td>५</td><td>कर्मचारी / शिक्षक ( सहायक स्तरको तलव भत्ता प्राप्त गर्नेहरुबाट</td><td>५ दिनको तलव बराबर हुन आउने रकम</td><td></td></tr>
<tr><td>६</td><td>अन्य कर्मचारी/ गाउँपालिका शिक्षक तथा श्रेणी विहिन कर्मचारीहरुबाट</td><td>२ दिनको तलव बराबर हुन आउने रकम</td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>६</td>
<td>योजना शाखा</td>
<td>निर्माण सम्बन्धी कामकाज गर्नको लागि चुरे गाउँपालिकाको "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७७ को प्रथम संसोधन २०७९ अनुसार तपसिल बमोजिमको कम्पनीलाई "घ" बर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने ।<br>तपसिल:-
<table>
<tr><td>क्र.स.</td><td>फर्मको नाम</td><td>व्यवसायीको नाम</td><td>ठेगाना</td></tr>
<tr><td>१</td><td>एस. बि.एस कन्स्ट्रक्सन</td><td>सन्तोष कुमार मल्ल</td><td>चुरे-३, कैलाली</td></tr>
<tr><td>२</td><td>डि.एम.बी. कन्स्ट्रक्सन</td><td>धन बहादुर शाह</td><td>चुरे-३, कैलाली</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>७</td>
<td>योजना शाखा</td>
<td>जिल्ला कैलाली, धनगढी उपमहानगरपालिका वडा नं १२ बस्ने श्री सूर्य राज जैशीको नाममा रहेको 'घ' बर्गको निर्माण व्यवसायी प्रमाण पत्र इष्ट कालिका निर्माण सेवा (इजाजत पत्र नं. १३/०७५/०७६) लम्कीचुहा नगरपालिका वडा नं. ३ बस्ने श्री ललित रावलका नाममा <u>मन्नत कन्सट्रक्शन</u> नाम कायम हुने गरि नामसारी गरिदिन हुन संयुक्त मंजुरीनामा सहित निवेदन प्राप्त भएको हुँदा जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वडा नं १२ बस्ने श्री सूर्य प्रसाद जैशी को नाम मा रहेको 'घ' बर्गको निर्माण व्यवसायी प्रमाण पत्र लम्कीचुहा नगरपालिका वडा नं. -३ बस्ने श्री ललित रावलका नाममा नामसारी गरिदिनका लागी आन्तरिक राजश्व कार्यालय धनगढी, कैलाली पान नं मा दर्ता भइ सकेको र घरेलु तथा साना उद्योग कार्यालय धनगढी कैलालीको प्रमाण पत्र मिति २०८३/०५/२४ प्रा.फ.द.प्र. प. नं. ११६०९ को फर्म नामसारी भई आएकोले चुरे गाउँपालिकाको 'घ' बर्ग निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७६ संसोधन सहित २०७९ को बुदा ६ बमोजिम तपसिल बमोजिम विवरण अनुसार फर्म नामसारी र नाम परिवर्तन गर्ने ।<br><u>तपसिल</u></td>
</tr>
</table>

प्रमुख प्रशासकिय अधिकृत

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td>साबिक</td><td>हाल कायम भएको</td></tr>
<tr><td>उद्योगीको नाम:</td><td>सूर्य प्रसाद जैशी</td><td>ललित रावल</td></tr>
<tr><td>ठेगाना:</td><td>धनगढी उ.म.न. १२ कैलाली</td><td>लम्कीचुहा न.पा. ३ कैलाली</td></tr>
<tr><td>फर्मको नाम:</td><td>इष्टकालिका निर्माण सेवा</td><td>मन्नत केनस्ट्रक्सन</td></tr>
</table>
</td></tr>
<tr><td>८</td><td>शिक्षा शाखा</td><td>
चुरे गाउँपालिकाको आ.व. २०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको शिक्षा दिवसको अवसरमा आयोजित कार्यक्रममा कक्षा ८ र १० मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा विद्यालयलाई सम्मान कार्यक्रम अनुसार राष्ट्रिय शिक्षा दिवस, २०८३ को अवसरमा मिति २०८३ असोज २ गते संचालन हुने कार्यक्रममा शैक्षिकशत्र २०८१, र २०८२ मा गाउँपालिका भित्रका विद्यालयको आधारभुत तह कक्षा -८ र विद्यालय शिक्षा परिक्षा (SEE) मा उत्कृष्ट नतिजा ल्याउन सफल तीन/तीन जना विद्यार्थी तथा विद्यालयलाई तपसिल बमोजिम सम्बन्धित कार्यक्रमबाट खर्च हुने गरी पुरुस्कृत गर्ने निर्णय गरियो ।<br>
तपसि:-
<table>
<tr><td>सि.नं</td><td>पुरूस्कार</td><td>पूरूस्कार राशी</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>प्रथम पुरुस्कार</td><td>रु. ५०००।००</td><td>विद्यालयलाई सम्मान पत्र मात्र उपलब्ध गराईनेछ र</td></tr>
<tr><td>२</td><td>द्वितीय पुरुस्कार</td><td>४०००।००</td><td></td></tr>
<tr><td>३</td><td>तृतीय पुरुस्कार</td><td>३०००।००</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>९</td><td>भुमि प्रशासन</td><td>
चुरे गाउँपालिका वडा नं. ४ को रानीभुकुडा, तामेगर्भा र चिल्लेवास टोलमा तपसिल बमोजिमको क्षेत्रमा बसोबास गर्दै आएका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विगत आयोगबाट नापनक्शआ भईसकेकोमा उक्त क्षेत्रको जगाधनि प्रमाणपुर्जा उपलब्ध गराउने प्रक्रिया अगाडी बढाउने प्रयोजनको लागि फिल्ड निरिक्षण गरी चेकजाँच गर्ने प्रक्रिया अगाडी बढाउने नापनक्शाको सहमतिका लागि जिल्ला भूमि समस्या समाधान समितिमा सिफारिस गर्ने निर्णय गरियो तपसिल:
<table>
<tr><td>क्र.स.</td><td>वडा नं</td><td>टोल</td><td>पूर्व</td><td>पश्चिम</td><td>उत्तर</td><td>दक्षिण</td></tr>
<tr><td>१</td><td>४</td><td>रानीभुकुडा</td><td>जन्जारे खोला/वडा नं. २ को सिमान</td><td>भुकुडे खोला</td><td>जंगल/केदारको डाँडा</td><td>भुकुडेखोला</td></tr>
<tr><td>२</td><td>४</td><td>तामेगर्भा</td><td>जंगल</td><td>जंगल</td><td>जंगल</td><td>जंगल</td></tr>
<tr><td>३</td><td>४</td><td>चिल्लेवास</td><td>तुसारेखोला</td><td>भुजेखोला</td><td>जंगल/ केदार डाँडा</td><td>कुर्ले खोला</td></tr>
</table>
</td></tr>
<tr><td>१०</td><td>भूमि प्रशासन</td><td>
चुरे गाउँपालिकाको वडा नं. ४ तथा साविक खैराला गाविसको गर्भामा अवस्थित ऐतिहाँसिक राणाकालिन दरवार ( गर्भा दरवार) निर्माण भएको १०० बर्ष पुरा भई पुरात्वात्तिक सम्पदामा सूचीकृतको लागि पुरातत्व बिभागमा पत्रचार समेत गरिसकेको र उक्त सम्पदा पुरात्वात्तिक
</td></tr>
</table>

प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>सम्पदा भएक हुँदा उक्त गर्भा दरवारले चर्चेको केही जग्गा हाल चुरे गाउँपालिका वडा नं. ४ को नाममा र केही बस्नेत आ.बि. गर्भाको नाममा रहेको जग्गा नेपाल सरकार पुरातत्त्व बिभागको नाममा नामसारी गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>११</td><td>भूमि प्रशासन</td><td>भूमि सम्बन्धी समस्या समाधान गर्न तथा जग्गा व्यवस्थापन गर्नको लागि नेपाल सरकारले विगतमा आयोग गठन गरी जग्गा नाँपजाँचको कार्य गरेको र बिगतका आयोगबाट नापनक्शा भई तयार भएको तपसिल बमोजिमको चारकिल्ला भित्र पर्ने क्षेत्रको एकिन गरिएकाले सो क्षेत्रको नापनक्शाको कार्य अगाडी बढाई भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि उक्त क्षेत्रको नक्शा चेकजाँच गरी कार्य अगाडी बढाउनको लागि सहमति सहित उक्त क्षेत्र नेपाल सरकारको नाममा श्रेस्ता कायम गर्न भुमि समस्या समाधान समिति कैलाली लाई सिफारिस गर्ने निर्णय गरियो।<br>तपसिल
<table>
<tr><th>क्र.स.</th><th>सिट/ब्लक नं.</th><th>टोल</th><th>पूर्व</th><th>पश्चिम</th><th>उत्तर</th><th>दक्षिण</th><th>क्षेत्रफल</th></tr>
<tr><td>१</td><td>४ क</td><td>रानीभुकुडा</td><td>जन्जारे खोला/ वडा नं. २ को सिमान</td><td>भुकुडे खोला</td><td>जंगल/केदारको डाँडा</td><td>भुकुडेखोला</td><td>२४४६५९.०६</td></tr>
<tr><td>२</td><td>४ ख</td><td>तामेगभर्ा</td><td>जंगल</td><td>जंगल</td><td>जंगल</td><td>जंगल</td><td>१७००७८.२४</td></tr>
<tr><td>३</td><td>४ ग</td><td>चिल्लेवास</td><td>तुसारे खोला</td><td>भुजेखोला</td><td>जंगल/ केदार डाँडा</td><td>कुर्ले खोला</td><td>५५०५६.४८</td></tr>
</table></td></tr>
<tr><td>१२</td><td>भुमि प्रशासन</td><td>भू-उपयोग ऐन, २०७६ को दफा ४ तथा भु- उपयोग नियमावली, २०७९ को नियम ५ बमोजिम भुमिको बर्गिकरण गरी सोही बमोजिम जग्गाको उपयोग गर्ने प्रावधान बमोजिम यस चुरे गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रको निजि, सार्वजनिक तथा सरकारी जग्गाको कित्तागत रुपमा कित्तागत रुपमा गरेको बर्गिकरण स्वीकृत गर्ने र सो वर्गिकरण कही कसैलाई चित्त नबुझेमा ऐ.ऐ. ऐनको दफा ८ तथा ऐ.ऐ. नियमावलीको नियम ११ बमोजिम जग्गाको बर्गिकरण फरक परेको खण्डमा सोको परिमार्जनको लागि आवश्यक कारण सहित आधिकारीक व्यक्तिहरुबाट निवेदन पेश गर्नको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>१३</td><td>विपद व्यवस्थापन</td><td>आफ्नो आर्थिक अवस्था कमजोर रहेको भनि तपसिल बमोजिमका व्यक्तिहरुले आर्थिक सहायता उपलब्ध गराईदिनहुन भनि निवेदन दिनु भएकोमा चुरे गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६ को अधिनमा रही तपसिल बमोजिमका व्यक्तिलाई देहाय</td></tr>
</table>

CamScanner

<table>
<tr>
<td></td>
<td></td>
<td>बमोजिमको आर्थिक सहायता तथा विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७७ बमोजिम विपद राहत प्रदान गर्ने ।
<table>
<tr><th>क्र.स.</th><th>नाम, थर</th><th>ठेगाना</th><th>सहयोग रकम् रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>पुरन सुनार</td><td>चुरे-३</td><td>२५,०००।००</td><td>विपद व्यवस्थापन कोषबाट</td></tr>
<tr><td>२</td><td>रुद्र प्रसाद कँडेल</td><td>चुरे ५</td><td>१५०००।००</td><td>विपद व्यवस्थापन कोषबाट</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>१४</td>
<td>राजश्व शाखा</td>
<td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को" घ" को (६) बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्र पर्ने खोलानाला तथा नदीबाट नदीजन्य पदार्थ ढूङ्गा, गिट्टी तथा बालुवा ( दहत्तर बहत्तर) संकलन तथा विक्रि वितरण गर्नको लागि प्रदेश आर्थिक ऐनमा तोकिएको दररेट अनुसार स्वयं तथा ठेक्का द्वारा उत्खनन् तथा विक्रि वितरण गर्नु पर्ने कानुनी व्यवस्था भएकोमा सुदूपश्चिम प्रदेश सरकारले आ.व. २०८३।०८४ को लागि राजस्वका दर सहितको आर्थिक ऐन हालसम्म पारित नगरेको हुँदा ( budget holiday) भएको बर्ष तथा कानुको अभावमा अघिल्लो आर्थिक बर्षको करका दर रेटलाई नै आधार मान्ने व्यवस्था भएको र सुदूरपस्चिम प्रदेश आर्थिक मामिला मन्त्रालयले समेत सूचना प्रकाशन गरी अघिल्लो आर्थिक बर्षको दररेटलाई आधार मानी कार्यप्रक्रिया अगाडी बढाउन भनि पत्राचार गरेको र ढुङ्गा गिट्टि तथा बालुवाको अभावमा स्थानीय निर्माणका कार्यमा समेत ढिलाई भएको र निर्माण व्यवसाय तथा सरोकारवालाले समेत मौखिक रुपमा समेत बारम्बार आवाज उठाईरहेको हुँदा चुरे गाउँपालिकाका क्षेत्रभित्र बहने बिभिन्न् खोला नदी ( बालुवाखोला, शिवगंगाखोला, बाटेगडाखोला, जगातीखोला र ठुलीगाड खोला) बाट ढूङ्गा , गिट्टी, बालुवा तथा दहत्तर बहत्तर संकलन तथा विक्रि वितरण गर्नको लागि IEE प्रतिवेदनमा उल्लेख भएको परिमाणका आधारमा सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८२ मा निर्धारण भएको दररेटका आधारमा आधारमुल्य कायम गरी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।</td>
</tr>
</table>

प्रमाणित गर्ने,
नाम : धर्मराज खत्री
पद : प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत